INNOVATIVE RESEARCH JOURNAL Vol.:2, Issue:2, 2023

**Link:** https://doi.org/10.3126/irj.v2i2.56150

# परीक्षण प्रक्रियामा सेमेस्टरको मूल्य तथा नतिजा प्रकाशनको समय

**डा. राजेन्द्र खनाल**
*sauravabhirk@gmail.com*
**शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर**

**डा. सिद्धिबहादुर महर्जन**
*siddhikirtipur@gmail.com*
**शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर**

**लेखसारः** *प्रस्तुत लेख त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहको सेमेस्टर प्रणालीमा आधारित परीक्षण प्रक्रियामा अन्तर्निहित सेमेस्टरको मूल्य एवम् परीक्षाको नतिजा प्रकाशनको समयका बारेमा सम्बद्ध शिक्षक तथा शिक्षार्थीको दृष्टिकोणमा आधारित भई तयार गरिएको छ । क्षेत्रीय सर्वेक्षण विधिमा आधारित भई मतावलीलाई तथ्य सङ्कलनको साधन बनाइएको छ । यस अध्ययनमा यादृच्छिक नमुना छनोट प्रक्रिया अवलम्बन गरी सम्पन्न भएको छ । यसमा शिक्षाशास्त्र, स्नातकोत्तर तहमा अध्ययनरत १२० जना शिक्षार्थी तथा उक्त तहमा अध्यापनरत ४० जना शिक्षकलाई नमुनाका रूपमा रहेका छन् । उक्त नमुनाका आधारमा परीक्षण प्रक्रियामा सेमेस्टरको मूल्य कायम हुन नसकेको र नतिजा प्रकाशन अपेक्षित समयमा हुन नसकेको देखिन्छ । परीक्षणमा सेमेस्टरको मूल्य कायम भएको छ भन्ने विषयमा शिक्षक तथा शिक्षार्थीको समष्टिमा ३८.७५ प्रतिशत सकारात्मक, ६.९ प्रतिशत तटस्थ तथा ५४.३५ प्रतिशत नकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । यस आकडाले परीक्षण प्रक्रियालाई सेमेस्टरको मूल्य एवम् मान्यताअनुसार सञ्चालन गर्न नसकिएको पुष्टि गर्छ । शिक्षक तथा शिक्षार्थीको तुलनात्मक तथ्य हेर्दा ३२.५ प्रतिशत शिक्षक र ४०.८२ प्रतिशत शिक्षार्थी मात्र सकारात्मक देखिन्छन् । यसरी शिक्षक तथा शिक्षार्थी दुवै वर्गले नै परीक्षण प्रक्रिया र सेमेस्टरको मर्मबिच तालमेल कायम हुन नसकेको अनुभव गरेको प्रस्ट हुन्छ । परीक्षाको नतिजा प्रकाशनको समयका बारेमा प्राप्त मत समष्टिमा ८.१५ प्रतिशत मात्र सकारात्मक देखिन्छ । ७.५ प्रतिशत तटस्थ तथा ८४.३५ प्रतिशत नकारात्मक गरी जम्मा ९१.८५ प्रतिशत उत्तरदाताबाट अपेक्षित समयमा नतिजा प्रकाशन भएको नजनाइनुले सम्बन्धित पक्ष निर्दिष्ट कार्यसम्पादनमा निकै कमजोर रहेको प्रमाणित गर्छ । शिक्षक तथा शिक्षार्थीको तुलनात्मक तथ्य हेर्दा ९.१६ प्रतिशत शिक्षार्थी र ५ प्रतिशत शिक्षक मात्र सकारात्मक रहेको हुनाले पनि उक्त कुराको पुष्टि गर्छ । यस अनुसन्धानमा प्राप्त प्रतिक्रिया हेर्दा सेमेस्टरको परीक्षण प्रक्रिया समेस्टरको मूल्य तथा मान्यतालाई अङ्गीकार गर्न नसकेको र नतिजा प्रकाशन अत्यन्त ढिलो हुने गरेको देखिन्छ । यसबाट सेमेस्टरको मर्म तथा मान्यताबमोजिम कार्यसम्पादन गर्नका लागि तत्सम्बन्धी सम्बद्ध पक्ष सचेत बन्नुपर्ने देखिन्छ ।*

**शब्दकुन्जी :** *सेमेस्टर, परीक्षण, परीक्षण प्रक्रिया, नतिजा प्रकाशन, सेमेस्टरको मूल्य ।*

**प्राप्त मिति** : ५, अप्रिल, २०२३, **स्वीकृत मिति** : ६, मे, २०२३, **प्रकाशित मिति** : १२, जुन, २०२३

## पृष्ठभूमि

परीक्षण प्रक्रिया शैक्षणिक कार्यक्रमको महत्वपूर्ण र संवेदनशील प्रक्रिया मानिन्छ । सेमेस्टरमा परीक्षण प्रक्रियालाई सिकाइका लागि उपयोग गरिन्छ । परीक्षण प्रक्रियालाई लाई शिक्षार्थीमैत्री र सिकाइकेन्द्री बनाउनका लागि शिक्षक एवम् शिक्षार्थीबिच सहकार्य गर्नु अनिवार्य हुन्छ । परीक्षण प्रक्रियाका माध्यमबाट शिक्षार्थी तथा शिक्षक दुवै सिकाइप्रति उत्प्रेरित भई उपलब्धि अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिन्छ । परीक्षण सिकाइ सक्षमता विकास एवम् समस्याको निराकरणका लागि पनि सहयोग

हुन्छ । परीक्षण प्रक्रिया शैक्षणिक एकाइबाट प्राप्त भएका सक्षमता निर्धारण गर्न र सिकाइजनित कठिनाइ पहिचान गर्न सहयोगी बन्छ (पाठक, २०१२, पृ. २९) । कक्षा प्रगति परीक्षणबाट सिकारुका सिकाइगत प्रगति, शिक्षणको प्रभावकारिता पहिचान गर्न सकिन्छ भने पाठ्यक्रमका उद्देश्य प्राप्तितर्फ सिकारुलाई परिलक्षित गर्न सकिन्छ । परीक्षण कार्यले शिक्षार्थीलाई सिकाइप्रति थप उत्प्रेरित गर्छ भने शिक्षकमा पनि पेसागत व्यवहारको अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ (खनिया, २०१३, पृ. १११) । परीक्षण प्रक्रिया सिकाइ कार्यक्रमकै शृङ्खला हो जहाँ सक्षमता प्राप्तिका सवालमा शैक्षिक अन्तर्क्रिया र छलफल हुन्छ । साथै परीक्षा प्रक्रियामा शिक्षक शिक्षार्थीबिच पृष्ठपोषण आदानप्रदान हुने भएकाले शैक्षणिक कार्यक्रमको सहकार्यात्मक सन्दर्भ पनि मानिन्छ (फल्चर एन्ड डेभिड्सन, २०११, पृ. २९) । उपर्युल्लिखित दृष्टिकोण तथा मान्यताका आधारमा शैक्षणिक कार्यक्रममा परीक्षा प्रणाली या परीक्षण प्रक्रियाको सान्दर्भिकता पुष्टि हुन्छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गको शिक्षाशास्त्र स्नातकोत्तर तहको सेमेस्टर प्रणालीमा आधारित परीक्षण प्रक्रियामा अवलम्बन गरिएका कार्यप्रक्रियामा सेमेस्टरका आधारभूत मूल्य एवम् परीक्षाको नतिजा प्रकाशन समयप्रति शिक्षार्थी तथा शिक्षकको दृष्टिकोण लिई आवश्यक सुझाव दिइएको यस लेख सरोकारवालाका लागि उपयोग हुने अपेक्षा गरिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मूल उद्देश्य त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त्र स्नातकोत्तर तहमा सञ्चालित सेमेस्टर प्रणालीको परीक्षण प्रक्रियामा सेमेस्टरको मूल्य एवम् नतिजा प्रकाशनको समयका बारेमा प्राप्त दृष्टिकोणको विश्लेषण गर्नु रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन परिमाणात्मक ढाँचाको छ । यस अध्ययनमा क्षेत्रीय सर्वेक्षण विधि अपनाई मतावलीलाई तथ्य सङ्कलनको साधन बनाइएको छ । प्रस्तुतिमा वर्णनात्मक विधि अपनाइएको छ भने तुलनात्मक प्रक्रियाबाट सेमेस्टरको परीक्षण प्रक्रियाप्रति शिक्षक तथा शिक्षार्थीको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनमा काठमाडौँ उपत्यकाभित्रका शिक्षाशास्त्रअन्तर्गत स्नातकोत्तर तह सञ्चालन भएका त्रिविका आङ्गिक क्याम्पस (विश्वविद्यालय क्याम्पस, महेन्द्ररत्न क्याम्पस तथा सानोठिमी क्याम्पस) का सम्बन्धित विषयका शिक्षक तथा शिक्षार्थीमध्ये यादृच्छिक नमुना छनोट विधिबाट ४० जना शिक्षक र २०७८/०७९ मा उक्त तहको दोस्रो, तेस्रो तथा चौथो समेस्टरमा अध्ययनरत १२० जना शिक्षार्थी नमुनाका रूपमा लिइएको छ । प्रस्तुत अध्ययनमा निर्दिष्ट ४० जना शिक्षक एवम् १२० शिक्षार्थीबाट प्राप्त प्रतिक्रिया प्राथमिक स्रोतका रूपमा रहेका छन् भने सम्बद्ध सैद्धान्तिक ग्रन्थ, सम्बन्धित अनुसन्धान प्रतिवेदन एवम् विशेषज्ञका सुझावहरू द्वितीयक स्रोतका रूपमा रहेका छन् ।

प्रस्तुत लेखमा शिक्षक तथा शिक्षार्थीको दृष्टिकोण पहिचान गर्नका लागि परीक्षण प्रक्रियासँग सम्बन्धित मतावली बनाइएको छ । शिक्षकका र शिक्षार्थीका लागि एउटै प्रकृतिका कथन तयार पारी उक्त कथनमा अभिमत लिइएको छ । प्रस्तुत अध्ययनमा परीक्षण प्रक्रियामा अवलम्बन गरिएका कार्यप्रक्रियामा सेमेस्टरका आधारभूत मूल्य एवम् परीक्षाको नतिजा प्रकाशन समयप्रति कथन तयार गरी शिक्षक तथा शिक्षार्थीबाट अभिमत लिइएको छ । लिकर्ट स्केललाई आधार मानी कथनसँग सहमत वा असहमत जनाउने पाँचओटा विकल्पन दिइएको छ । यी विकल्पनमध्ये कुनै एउटामा रेजा लगाउने प्रबन्ध गरिएको छ । उक्त विकल्पनमध्ये पूर्ण सहमत, सहमत, अनिर्णित, असहमत तथा पूर्ण असहमत रहेका छन् । सेमेस्टरको नतिजाको सेमेस्टर मूल्य कायम तथा परीक्षाको नतिजा प्रकाशनको समयसम्बन्धी शिक्षक तथा शिक्षार्थीका अभिमत लिनका लागि एक एकओटा कथन तयार पारी अभिमत सङ्कलन गरिएको छ ।

यस लेखमा शिक्षक तथा शिक्षार्थीका अभिमतमार्फत लिइएका दृष्टिकोणलाई विकल्पमा प्राप्त मतलाई प्रतिशताङ्कमा राखी प्रस्तुत गरिएको छ । निर्दिष्ट कथनमा प्राप्त अभिमतको समष्टिगत,

पृथकीकृत तथा तुलनात्मक ढाँचामा विश्लेषण गरिएको छ । साङ्ख्यिकीय विश्लेषण गरी वृत्तचित्र एवम् स्तम्भचित्रमार्फत शिक्षक तथा शिक्षार्थीका दृष्टिकोणलाई प्रस्ट्याइएको छ । विश्लेषण गर्दा मूलतः सकारात्मक र नकारात्मक गरी दुई तरिकाले प्रस्ट पारिएको छ । पूर्ण सहमत र सहमतलाई सकारात्मक तथा  असहमत र पूर्ण असहमतलाई नकारात्मक पक्षमा विश्लेषण गरिएको छ भने अनिर्णितलाई तटस्थ मानिएको छ । यस लेखमा सरोकारवाला शब्दले त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र स्नातकोत्तर तहमा अध्ययनरत शिक्षार्थी तथा उक्त तहमा अध्यापनरत शिक्षकलाई मात्र जनाइएको छ ।

## परीक्षणमा सेमेस्टरको मूल्य तथा नतिजा प्रकाशन

सेमेस्टर प्रणालीअन्तर्गत सञ्चालन गरिने सबै विधि, प्रविधि एवम् प्रक्रियाको पनि मूल उद्देश्य भनेको विद्यार्थीमा शैक्षणिक सक्षमता अभिवृद्धि गर्ने नै हो । शैक्षिक कार्यक्रमअन्तर्गत सञ्चालन र सम्पन्न भएका वा गरिएका सबै प्रक्रिया वा कार्यकलापका माध्यमबाट शैक्षणिक सक्षमता अभिवृद्धि भएको हुनुपर्छ । सबै कार्यक्रमका सबैजसो मूल्याङ्कन प्रक्रिया पनि शैक्षिणिक सक्षमता अभिवृद्धि भएको हुन्छ । शिक्षार्थीमा ज्ञान, सिप तथा व्यवहारको सामञ्जस्य गर्नसक्ने सक्षमता विकास गर्नु सेमेस्टरको मुख्य मर्म हो भने छोटो समयमा प्रक्रिया सम्पन्न गर्ने, आवश्यक पृष्ठपोषण उपलब्ध गराउनेजस्ता कार्य पनि सेमेस्टरका खास मान्यता हुन् । सेमेस्टरको मर्म भनेको समेस्टरसँग सम्बन्धित विशेषताको परिपालन हो । पाठ्यांश या पाठ्यक्रम, शिक्षण सिकाइ सहजीकरण, मूल्याङ्कन प्रक्रिया आदिमा सेमेस्टरका खास गुण अन्तर्निहित हुन्छन् । तसर्थ उक्त गुणले नै सेमेस्टरको मूल्य निर्धारण गरेका हुन्छन् । यस लेखमा मूल्याङ्कनको प्रमुख उपकरण परीक्षणले वहन गरेका सेमेस्टरको मूल्यसम्बन्धी अध्ययन गरिएको छ । तसर्थ सम्पादन भएका परीक्षण प्रक्रियामा सेमेस्टरका मर्म अन्तर्निहित भए नभएको पहिचान गरी विश्लेषण गर्नका लागि यस सूचकलाई उपयोग गरिएको हो ।

सेमेस्टरको एउटा विशेषता निर्धारित शैक्षणिक विषयवस्तु या सिकाइ अनुभव हस्तान्तरणलगत्तै परीक्षण प्रक्रिया सम्पन्न गरी नतिजा प्रकाशन हुनु हो । अर्को सत्रमा प्रवेश गर्नुपूर्व नै नतिजा प्राप्त गरी आवश्यकताअनुसार पृष्ठपोषणसहित सक्षमता विकास गराउनुपर्ने मान्यता रहिआएको भए पनि नेपालका सन्दर्भमा यसको परिपालना भएको छैन । वार्षिक प्रणालीको अनुपातभन्दा पनि मन्द गतिमा नजिता प्रकाशन हुने गरेको वर्तमान अवस्थामा प्रस्तुत अध्ययनमा यसलाई एक सूचक बनाई दृष्टिकोण विश्लेषण गरिएको छ ।


## परिणाम तथा विश्लेषण

प्रस्तुत लेखमा नमुनाका रूपमा छनोट गरिएका शिक्षक एवम् शिक्षार्थीबाट प्राप्त अभिमत या प्रतिक्रियालाई समष्टिगत, पृथकीकृत तथा तुलनात्मक किसिमले उल्लेख गरी चित्रमा देखाई विश्लेषण गरिएको छ ।

## परीक्षणमा सेमेस्टरको मर्म


यहाँ सेमेस्टरको परीक्षण सेमेस्टरको मर्म वा मानदण्डअनुरूप छ वा छैन भन्ने बारेमा सरोकारवालाको मत लिइएको छ । यहाँ सेमेस्टरको मर्मअन्तर्गत प्रश्नको प्रकृति, परीक्षणको ढाँचा, अङ्कन तथा पृष्ठपोषण, परीक्षण समय आदि पक्षहरूलाई लिइएको छ । उक्त सूचकमा प्राप्त प्रतिक्रियाका आधारमा विश्लेषण गर्दा परीक्षण सेमेस्टरको मर्मअनुरूप सम्पादन हुन नसकेको देखिन्छ । जम्मा ३८.७५ प्रतिशत मात्र सकारात्मक हुनु, ६.९ प्रतिशत तटस्थ रहनु, ४०.६ प्रतिशत असहमत हुनु र १३.७५ प्रतिशत पूर्ण असहमत हुनुले पनि उक्त स्थितिलाई जनाउँछ । उक्त तथ्यलाई तलको वृत्तचित्रमार्फत स्पष्ट पारिएको छ :

चित्र नं. १




उपर्युक्त वृत्तचित्रमा सेमेस्टर प्रणालीमा आधारित परीक्षा प्रणालीमा सरोकारवालाको सहभागितासम्बन्धी अभिमत अभिमत प्रस्तुत छ । 'परीक्षणमा सेमेस्टरको मर्म' सँग सम्बद्ध कथनमा निर्धारित ४० जना शिक्षक तथा १२० जना शिक्षार्थीहहरूको प्रतिक्रिया लिइएको थियो । जसमा १२.५ प्रतिशत उत्तरदाताले पूर्ण सहमति प्रकट गरेको देखिन्छ भने २६.२५ प्रतिशतले सहमति जनाएका छन् । जम्मा ३८.७५ प्रतिशतले मात्र सकारात्मक अभिमत प्रकट गरेको देखिन्छ । ६.९ प्रतिशतले सकारात्मक वा नकारात्मक कुनै पनि पक्षमा मत जाहेर गरेको देखिँदैन । ४०.६ प्रतिशतले असहमति प्रकट गरेका छन् भने १३.७५ प्रतिशत उत्तरदाता पूर्ण असहमत छन् । जम्मा ५४.३५ प्रतिशतले नकारात्मक अभिमत प्रकट गरेको देखिन्छ । यसरी सेमेस्टरको परीक्षण प्रक्रिया या परीक्षा सञ्चालन कार्य सेमेस्टरको मूल्य, मान्यता, मर्म तथा मापदण्डबमोजिम हुन नसकेको पुष्टि हुन्छ । यसले सेमेस्टरका आधारभूत मूल्य तथा गुणसँग परिचित भई सम्बन्धित पक्ष विशेषतः संवेदनशील बन्नुपर्ने देखाउँछ ।

चित्र नं. : २





माथिको स्तम्भचित्रमा सत्र प्रणालीको परीक्षण प्रक्रियामा सेमेस्टरको मूल्यसँग सम्बन्धित कथनमा शिक्षकबाट प्राप्त भएको अभिमत प्रस्तुत भएको छ । यहाँ ७.५ प्रतिशत शिक्षकले यससम्बन्धी कथनमा पूर्ण सहमति जनाएका छन् भने २५ प्रतिशत शिक्षकले कथनप्रति सहमति व्यक्त गरेका छन् । त्यसैगरी १२.५ प्रतिशत शिक्षक अनिर्णित छन् भने ४२.५ प्रतिशत शिक्षकले परीक्षण प्रक्रियामा सेमेस्टरको मूल्य काय हुन नसकेको जनाएका छन् । १२.५ प्रतिशत शिक्षक पूर्ण असहमत छन् । परीक्षण प्रक्रियामा प्रत्यक्षतः संलग्न हुने शिक्षकहरूबाट ५५ प्रतिशत नकारात्मक र १२.५ प्रतिशत तटस्थ हुनु

तथा जम्मा ३२.५ प्रतिशत शिक्षकबाट मात्र सकारात्मक मत प्राप्त भएकाले परीक्षण प्रक्रिया सेमेस्टरको मर्मअनुसार सम्पादन हुन नसकेको प्रस्ट हुन्छ ।

परीक्षण प्रक्रियामा सेमेस्टरको मूल्य कायम हुन नसकेको अभिमत प्राप्त भएको छ । उक्त कथनमा जम्मा ४०.८२ प्रतिशत शिक्षार्थी सकारात्मक देखिन्छन् भने ५४.१८ प्रतिशत शिक्षार्थी सकारात्मक छैनन् । त्यसैगरी ५ प्रतिशत शिक्षार्थीहरूले तटस्थ प्रतिक्रिया जनाएका छन् । उक्त मतलाई स्तम्भचित्रमा निम्नानुसार देखाउन सकिन्छ :


चित्र नं. : ३




माथिको स्तम्भचित्रमा शिक्षार्थीहरूबाट प्राप्त भएको मत प्रस्तुत गरिएको छ । यहाँ १४.१६ प्रतिशत शिक्षार्थीले यस कथनमा पूर्ण सहमति जनाएका छन् भने २६.६६ प्रतिशत शिक्षार्थी कथनप्रति सहमत छन् । यसरी सकारात्मक अभिमत जम्मा ४०.८२ प्रतिशत शिक्षार्थीबाट प्राप्त भएको छ । त्यसैले यस आकडाका आधारमा परीक्षणमा सेमेस्टर मूल्य कायम नभएको पुष्टि हुन्छ । त्यसैगरी ५ प्रतिशत शिक्षार्थी अनिर्णित छन् भने ४० प्रतिशत शिक्षार्थीबाट सेमेस्टर मूल्य कायम हुन नसकेको विचार प्रकट गरिएको छ । त्यस्तै १४.१६ प्रतिशत शिक्षार्थीहरू पूर्ण असहमत छन् । यसबाट सेमेस्टरको परीक्षण प्रक्रियामा सेमेस्टरका मान्यता तथा मानदण्ड परिपालन हुन नसकेको पुष्टि हुन्छ ।

स्नातकोत्तर तहमा सञ्चालित सेमेस्टरको परीक्षण सेमेस्टरको मर्म वा मानदण्डअनुरूप छ वा छैन भन्ने बारेमा यस कथनमा सरोकारवालाको मत लिइएको छ । यहाँ सेमेस्टरको मर्मअन्तर्गत प्रश्नको प्रकृति, परीक्षणको ढाँचा, अङ्कन तथा पृष्ठपोषण, परीक्षण समय आदि पक्षहरूलाई लिइएको छ । उक्त सूचकमा प्राप्त प्रतिक्रियाका आधारमा विश्लेषण गर्दा परीक्षण सेमेस्टरको मर्मअनुरूप सम्पादन हुन नसकेको प्रतिक्रिया प्राप्त भएको छ । उक्त कथनमा शिक्षक तथा शिक्षार्थीहरूबाट प्रतिक्रिया लिइएकामा १४.१६ ∞ शिक्षार्थी तथा ७.५ ∞ शिक्षकले पूर्ण सहमति जनाएका छन् भने २६.६६ ∞ शिक्षार्थी र २५ ∞ शिक्षक सहमत छन् । जम्मा ४०.८२ ∞ शिक्षार्थीले सकारात्मक मत प्रकट गरेका छन् भने ३२.५ ∞ शिक्षक मात्र सकारात्मक छन् । त्यसैगरी ५ ∞ शिक्षार्थी र १२.५ ∞ शिक्षक अनिर्णित छन् । ४०.८२ ∞ शिक्षार्थी र ४२.५ ∞ शिक्षकबाट असहमति जनाइएको छ भने १४.१६ ∞ शिक्षार्थी र १२.५ ∞ शिक्षकबाट पूण असहमति प्रकट गरिएको छ । उक्त आकडालाई स्तम्भचित्रमा निम्नानुसार देखाइएको छ :

चित्र नं. : ४





उपर्युक्त स्तम्भचित्रमा सेमेस्टर प्रणालीमा उपयोग गरिएको परीक्षण प्रक्रिया सेमेस्टरको मर्मअनुरूप सम्पादन हुन नसकेको मत प्राप्त भएको छ । 'परीक्षणमा समेस्टको मर्म' सम्बन्धी कथनका नमुना शिक्षक तथा शिक्षार्थीहरूबाट प्राप्त प्रतिक्रिया तुलना गर्दा शिक्षकभन्दा करिब ८ प्रतिशत शिक्षार्थी बढी सकारात्मक देखिन्छन् । त्यसैगरी शिक्षक तथा शिक्षार्थी दुबै वर्गमध्ये करिब ५५ प्रतिशत मत नकारात्मक पक्षमा प्राप्त हुनुले परीक्षण सेमेस्टरको मर्मअनुसार हुन नसकेको पुष्टि गर्छ । अझ परीक्षण प्रक्रियाको सञ्चालनमा शिक्षकको अहम् भूमिका हुने भएकाले शिक्षकबाट नै सकारात्मक मत कम प्राप्त हुनु, तटस्थ र नकारात्मक मत बढी प्राप्त हुनुले सेमेस्टरको परीक्षण प्रक्रिया या परीक्षा सञ्चालन कार्य सेमेस्टरको मूल्य, मान्यता, मर्म तथा मापदण्डबमोजिम हुन नसकेको सिद्ध गर्छ ।

**नतिजा प्रकाशनको समय**

यस अध्ययनमा सेमेस्टर प्रणालीमा आधारित परीक्षाको नतिजा प्रकाशनको समय सम्बन्धमा अभिमत लिइएको छ । 'नतिजा प्रकाशनको समय' सम्बन्धी कथनमा शिक्षक तथा शिक्षार्थीहरूबाट प्राप्त प्रतिक्रियाको विश्लेषण गरिएको छ । निर्दिष्ट कथनमा ३.७५ प्रतिशत उत्तरदाताले पूर्ण सहमति प्रकट गरेका छन् भने ४.४ प्रतिशत सहमत छन् । त्यसैगरी ७.५ प्रतिशतले तटस्थ प्रतित्रिया दिएका छन् । ५१.८५ प्रतिशतले असहमति प्रकट गरेका छन् भने ३२.५ प्रतिशतले पूर्ण असहमति जनाएका छन् यस तथ्यलाई वृत्तचित्रमा निम्नानुसार देखाउन सकिन्छ :


चित्र नं. ५



उपर्युक्त वृत्तचित्रमा सेमेस्टर प्रणाली आधारित परीक्षाको नतिजा प्रकाशनको समयबारे प्राप्त प्रतिक्रियाको झलक देखाइएको छ । नतिजासम्बन्धी सूचक अध्ययनका सन्दर्भमा निर्माण गरिएका १५ ओटा सूचकमध्ये सबैभन्दा बढी नकारात्मक प्रतिक्रिया प्राप्त भएको सूचक हो । ‘नतिजा प्रकाशनको समय’ सम्बन्धी कथनका ४० जना शिक्षक तथा १२० जना शिक्षार्थीहहरूको प्रतिक्रिया लिइएकामा समष्टिमा जम्मा ८.१५ प्रतिशतले मात्र सकारात्मक प्रतिक्रिया जनाएका छन् । ७.५ प्रतिशत अनिर्णित देखिएका छन् । ५१.८५ प्रतिशत असहमत र ३२.५ प्रतिशत पूर्ण असहमत गरी जम्मा ८४.३५ प्रतिशतबाट नकारात्मक मत प्राप्त भएको छ । यस कथनमा झण्डै ८५ प्रतिशतले असन्तुष्टि जनाउनु लज्जाको विषय नै बनेको छ । यसबाट सेमेस्टरको परीक्षा प्रणालीसँग सम्बद्ध पक्षमाथि गम्भीर प्रश्न उठेको जनाउँछ ।

नतिजा प्रकाशनको समयका सवालमा शिक्षक तथा शिक्षार्थीबाट अभिमत लिइएको थियो । शिक्षकबाट प्राप्त प्रतिक्रियालाई तलको स्तम्भचित्रमा देखाइएको छ :


चित्र नं. : ६




माथिको स्तम्भचित्रमा सेमेस्टरको परीक्षापश्चात नतिजा प्रकाशन अपेक्षित समयमा भएको छ या छैन भन्ने विषयमा लिइएको शिक्षकहरूको अभिमत प्रस्तुत छ । उक्त कथनमा ५ प्रतिशत शिक्षकले नतिजा प्रकाशनको समय उपयुक्त रहेको जनाएका छन् । जम्मा ७.५ प्रतिशत शिक्षकले निर्णायक मत दिन चाहेका छैनन् भने ८७.५ प्रतिशत शिक्षक असहमत छन् । छनोटमा परेका सहभागीमध्ये ९५ प्रतिशत शिक्षक यस सवालमा सहमत नहुनुले परीक्षाको नजिता अपेक्षित समयमा हुन नसकेको प्रमाणित हुन्छ ।

परीक्षाको नतिजा प्रकाशनसम्बन्धी सूचकमा प्राप्त भएको शिक्षार्थीहरूको प्रतिक्रियाले पनि परीक्षाको नतिजा समयमा हुन नसेको जनाउँछ । यस सूचकमा प्राप्त प्रतिक्रिया विश्लेषण गर्दा परीक्षाको नतिजा प्रकाशनको समय अनपेक्षित रहेको देखिन्छ । जम्मा ९.१६ प्रतिशत मत सकारात्मक हुनु र ८३.३४ प्रतिशत नकारात्मक तथा ७.५ अनिर्णित रहनुले परीक्षाको नतिजा निकै ढिलो प्रकाशन हुने गरेको देखिन्छ । उक्त आकडालाई तलको स्तम्भचित्रमार्फत प्रस्ट्याउन सकिन्छ :


चित्र नं. : ७




माथिको स्तम्भचित्रमा नतिजा प्रकाशनको समयका सम्बन्धमा लिइएको शिक्षार्थीहरूको अभिमत प्रस्तुत छ। उक्त कथनमा जम्मा ९.१६ प्रतिशत शिक्षार्थी परीक्षाको परीक्षाफल प्रकाशनको समयप्रति सकरात्मक छन्। जसमा ५ प्रतिशतले पूर्ण सहमति प्रकट गरेका छन् भने ४.१६ प्रतिशत सहमत छन्। ७.५ प्रतिशत शिक्षार्थीले निर्णायक मत दिन चाहेका छैनन् भने ४८.३३ प्रतिशत शिक्षार्थी असहमत छन्। ३५ प्रतिशत शिक्षार्थी पूर्ण असमत देखिन्छन्। जम्मा ९१.८४ प्रतिशत शिक्षार्थीले सेमेस्टरको परीक्षा प्रकाशन समयमा हुन नसकेको जनाएका छन्।

यस अध्ययनमा सेमेस्टर प्रणालीमा आधारित परीक्षाको नतिजा प्रकाशनको समय सम्बन्धमा अभिमत लिइएको छ। 'नतिजा प्रकाशनको समय' सम्बन्धी कथनमा शिक्षक तथा शिक्षार्थीहरूबाट प्राप्त प्रतिक्रियाको विश्लेषण गरिएको छ। उक्त कथनमा शिक्षक तथा शिक्षार्थीहरूबाट प्रतिक्रिया लिइएकामा ५∞ शिक्षार्थी तथा ० ∞ शिक्षकले पूर्ण सहमति जनाएका छन् भने ४.१६∞ शिक्षार्थी र ५∞ शिक्षक सहमत छन्। त्यसैगरी ७.५ ∞ शिक्षार्थी र ७.५∞ शिक्षक अनिर्णित छन्। ४५.३३∞ शिक्षार्थी र ६२.५∞ प्रतिशत शिक्षकबाट असहमति जनाइएको छ भने ३५∞ शिक्षार्थी र २५∞ शिक्षकबाट पूण असहमति प्रकट गरिएको छ। उक्त आकडालाई स्तम्भचित्रमा निम्नानुसार देखाइएको छ :

चित्र नं. : ८



उपर्युक्त स्तम्भचित्रमा सेमेस्टर प्रणालीमा सञ्चालित परीक्षाको नतिजा प्रकाशनको समयबारे लिइएको अभिमत प्रस्तुत गरिएको छ । यस कथनमा शिक्षार्थी तथा शिक्षक दुवै वर्गबाट समानान्तर नकारात्मक प्रतिक्रिया आएको छ । शिक्षार्थीबाट जम्मा ९.१६ प्रतिशत मात्र सकारात्मक मत आएको पाइयो भने ५ प्रतिशत शिक्षकबाट मात्र सकारात्मक मत प्राप्त भयो । दुवै वर्गबाट तटस्थ मत समान प्रतिशत प्राप्त भएको उक्त कथनमा असहमत र पूर्ण असहमत गरी जम्मा ८३.३३०० शिक्षार्थी र ८७.५०० शिक्षकबाट नकारात्मक मत प्राप्त भएको पाइयो । सेमेस्टर प्रणालीमा परीक्षण प्रक्रिया र नतिजाको समय अत्यन्त छोटो हुनुपर्ने र आवश्यकताअनुसार पुनपरीक्षण एवम् पृष्ठपोषणका माध्यमबाट विद्यार्थीलाई समानान्तर स्तर वृद्धि गर्दै लैजानुपर्ने मान्यता रहे पनि हाम्रो सन्दर्भमा यो पक्ष निकै कमजोर देखिन्छ । यस पक्षमा सम्बन्धित पक्ष निकै संवेदनशील बन्नुपर्ने आवश्यकता रहेको छ ।

## निचोड

सेमेस्टरको परीक्षण प्रक्रियामा सेमेस्टरका मानदण्ड या मान्यताहरू अपनाउन नसकिएको दृष्टिकोण प्राप्त भएको छ । त्यसैगरी परीक्षा भइसकेपछि नतिजा या परीक्षाफल अपेक्षित समयमा हुन नसकेको मत प्राप्त भएको छ । सेमेस्टरको परीक्षण प्रक्रियासँग सम्बन्धित कार्यप्रक्रियामा कार्यसम्पादनको जिम्मेवारी वहन गर्ने शिक्षकबाट समेत नकारात्मक अभिमत प्राप्त हुनुले हाम्रो सेमेस्टरको परीक्षण कार्यक्रम र परीक्षाफल प्रकाशनको अवस्था निकै कमजोर रहेको देखाउँछ । परीक्षण प्रक्रियामा सेमेस्टरको मूल्य कायम भएको छ भन्ने विषयमा शिक्षक तथा शिक्षार्थीको समष्टिमा ३८.७५ प्रतिशत सकारात्मक, ६.९ प्रतिशत तटस्थ तथा ५४.३५ प्रतिशत नकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । यस आकडाले परीक्षण प्रक्रियालाई सेमेस्टरको मूल्य एवम् मान्यताअनुसार सञ्चालन गर्न नसकिएको पुष्टि गर्छ । शिक्षक तथा शिक्षार्थीको तुलनात्मक तथ्य हेर्दा ३२.५ प्रतिशत शिक्षक र ४०.८२ प्रतिशत शिक्षार्थी मात्र सकारात्मक देखिन्छन् । यसरी शिक्षक तथा शिक्षार्थी दुवै वर्गले नै परीक्षण प्रक्रिया र सेमेस्टरको मर्मबिच तालमेल कायम हुन नसकेको अनुभव गरेको प्रस्ट हुन्छ । परीक्षाको नतिजा प्रकाशनको समयका बारेमा प्राप्त मत समष्टिमा ८.१५ प्रतिशत मात्र सकारात्मक देखिन्छ । ७.५ प्रतिशत तटस्थ तथा ८४.३५ प्रतिशत नकारात्मक गरी जम्मा ९१.८५ प्रतिशत उत्तरदाताबाट अपेक्षित समयमा नतिजा प्रकाशन भएको नजनाइनुले सम्बन्धित पक्ष निर्दिष्ट कार्यसम्पादनमा निकै कमजोर रहेको प्रमाणित गर्छ । शिक्षक तथा शिक्षार्थीको तुलनात्मक तथ्य हेर्दा ९.१६ प्रतिशत शिक्षार्थी र ५ प्रतिशत शिक्षक मात्र सकारात्मक रहेको हुनाले पनि उक्त कुराको पुष्टि गर्छ । यस अनुसन्धानमा प्राप्त प्रतिक्रिया हेर्दा सेमेस्टरको परीक्षण प्रक्रिया समेस्टरको मूल्य तथा मान्यतालाई अपनाउन वा अङ्गीकार गर्न नसकेको र नतिजा प्रकाशन अत्यन्त ढिलो हुने गरेको देखिन्छ ।

## सुझाव

प्रस्तुत अध्ययनबाट सेमेस्टरको परीक्षण प्रक्रियामा समेस्टरको मूल्य तथा परीक्षाको नतिजा प्रकाशन समयका सन्दर्भमा शिक्षार्थी र शिक्षकको भिन्न अभिमत प्राप्त भएको छ । उक्त दुई कथनमा शिक्षार्थी तथा शिक्षक दुवै वर्गमध्ये नजिता प्रकाशनको समयका बारेमा अत्यन्त कमजोर र समेस्टरको मूल्यका बारेमा निम्न मध्यम किसिमको अभिमत प्राप्त भएको छ । अध्ययनबाट प्राप्त अभिमतका आधारमा केही सुधारात्मक सुझाव प्रस्तुत गरिएको छ । परीक्षण प्रक्रियामा सेमेस्टरका मान्यता तथा मानदण्डलाई परिपालन गर्नुपर्ने देखिन्छ । खासगरी प्रश्न निर्माणदेखि सञ्चालन, परीक्षण एवम् प्रकाशनको चरणसम्म सम्बद्ध पक्ष अति संवेदनशील हुनुपर्ने देखिन्छ । त्यसैगरी परीक्षा लिइसकेपछि नतिजा समयमा हुन नसकेको भन्ने प्रतिक्रिया दुवै वर्गबाट ९० प्रतिशतभन्दा बढीले दिएकाले उक्त पक्षमा मूलतः प्राज्ञिक एवम् प्रशासनिक निकाय डीन कार्यालय पूर्णतः जिम्मेवार बनी सचेततापूर्वक कार्यसम्पादनमा अग्रसर हुनुपर्ने देखिन्छ ।

**कृतज्ञताज्ञापन :** प्रस्तुत लेख विश्वविद्यालय अनुदान आयोगबाट २०७७/०७८ का लागि 'त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातकोत्तर तहको परीक्षा प्रणालीप्रति सरोकारवालाको दृष्टिकोण' शीर्षकको फ्याकल्टी रिसर्च [FRG-77/78-Edu-2] ग्रान्टअन्तर्गत गरिएको अनुसन्धानबाट प्राप्त तथ्यलाई आधार बनाई तयार पारिएको हो । उक्त अनुसन्धानको पूरक सामग्रीका रूपमा यो लेख तयार भएकाले यसको स्रोत उक्त अनुसन्धान हो । तसर्थ उक्त अनुसन्धान ग्रान्ट उपलब्ध गराई अनुसन्धानमा अभिप्रेरित गर्ने संस्था विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछौँ ।

## सन्दर्भ सामग्रीहरू

अलि, जे.जी. (सन् १९९६), *वेब्स्टर्स डिक्नरी,* युएसए : ओटेन्हेइमर पब्लिसर्स ।

खनाल, पेशल र अधिकारी, नारायणप्रसाद (२०६८), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

खनाल, राजेन्द्र (२०७७), 'सेमेस्टर प्रणालीमा आधारित आन्तरिक मूल्याङ्कनप्रति शिक्षक तथा शिक्षार्थीको दृष्टिकोण', विश्वविद्यालय अनुदान आयोग सानोठिमी, भक्तपुरमा पेस गरिएको लघु अनुसन्धान प्रतिवेदन ।

खनिया, तीर्थराज (सन् २०१३), *इक्जामिनेसन फर इन्ह्यान्सड लर्निङ,* एजुकेसनल एन्ड डिभ्लप्मेटल सर्भिस सेन्टर ।

चोडबड्ग, के.बि.(सन् २०१४) 'कम्पारेटिभ स्टडी अफ् सेमेस्टर सिस्टम एन्ड एनुअल सिस्टम अफ फ्याकल्टी अफ एजुकेसन', त्रि.वि. शिक्षाशास्त्र डीन कार्यालयमा प्रस्तुत लघु अनुसनधान प्रतिवेदन ।

त्रिपाठी, सुधा र अन्य (सन् २०१८), *टियु बुलेटिन स्पेसल,* कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

निउरे, ध्रवप्रसाद (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

पाठक, आर.पि.(सन् २०१२), *मिजरमेन्ट एन्ड इभालुएसन इन एजुकेसन,* दिल्ली : पियर्सन ।

पौडेल, लालु (२०७४), 'सेमेस्टर प्रणाली : समस्या र सुधारका उपाय' प्रगतिशील प्राध्यापक सङ्गठनद्वारा कीर्तिपुरमा आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत अवधारणापत्र ।

फल्चर, जि. एन्ड डेभिड्सन, एफ.(सन् २०११),*ल्याङ्ग्वेज टेस्टिङ एन्ड एसेस्मेन्ट,* लन्डनः रट्लेज ।

मजुम्दर, मम्ताज (सन् २०१०), 'इन्ट्रडक्सन अफ सेमेस्टर सिस्टम इन इन्डियन कलेज', आसाम युनिभर्सिटी : सेमिनार पेपर ।

युसफ, ए. एन्ड हसिम, एम. (सन् २०१२) अ केस स्टडी अफ एनुअल एन्ड सेमेस्टर सिस्टम अफ इक्जामिनेसन अन गभर्मेन्ट कलेज अफ म्यानेजमेन्ट साइन्स, इन्टरनेसनल जर्नल अफ एकेडेमिक रिसर्च इन बिज्नेस एन्ड सोसल साइन्स, भोल. २ (पृ. ५३–७३) ।

रेनल्ड्स, सि.आर. एन्ड अदर्स (सन् २०१८), *मिजरमेन्ट एन्ड एसेस्मेन्ट इन एजुकेसन,* इन्डिया :पियर्सन ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७५), *अनुसन्धान विधि,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

ल्याडो, रबर्ट (सन् १९६५), *ल्याङ्ग्वेज टेस्टिङ,* लन्डन : लङमेन्स ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

शिक्षाशास्त्र सङ्काय (२०७२),*नेपाली शिक्षा पाठ्यक्रम,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।